हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

**जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल सरेको सूचना**

स्वस्थ्य र ताजा खाना, नास्ता, एटेच बाथरुमसँगै हल, फ्रि वाइफाईको व्यवस्थासहितको जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल १२ कात्तिक २०७७ देखि पुरानै ठाउँमा सरेको व्यहोरा समस्त ग्राहक महानुभावहरुमा सूचित गरिन्छ ।

प्रोप्राइटर : परशुराम चौधरी
**जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल**
लहान ७, मुख्य सडक, दुलिचन्द अतिथि सदनको नजिकै पश्चिमपट्टि
फो.नं. ०३३५६१२९२ मो. ९८४२८४०६३२, ९८१४७९०५५४

वर्ष : ०१ अंक : १०५ पृष्ठ : ४ २०७७ कार्तिक २५ गते मंगलबार (Tuesday 10 November 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## १४ घरधुरी दलित मुसहर परिवारलाई जस्तापाताको छानो





**खरले** छाएको घर । वर्षायाममा सधैंभरी पानी चुहिन्थ्यो ।ओभानो हुँदैनथ्यो । वर्षायामभरी ओत लाग्नै कठिन । राति पानी भरे टोलाएरै रात बित्थ्यो । जनबनमा खटेर जसोतसो गुजारा चलेपनि रातमा थकाई मार्न सास्ती । कारण वर्षामा पानी चुहेर आँखाले ओभाउन पाउँदैनथ्यो । यो समस्या लहान नगरपालिका–१७ बलानसेर टोलको सदाय बस्तीको हो । तर, अब यो समस्याबाट उनीहरूले पार पाएका छन् । कारण, जति नै झरी परेपनि अब उनीहरूका घर ओभानो नै हुनेछ ।

१४ घर परिवार सदाय बस्तीका सबैको घर खरले छाएको भेटिन्दैन । वडा कार्यालयको आर्थिक वर्ष ०७६/०७७ को बजेटबाट खरको छानो भएको १४ घर परिवारलाई १४ फिट लम्बाई २० फिट चौडाई बराबरको जस्तापाता वितरण गरेपछि जस्तापाताको घर बनेको छ । वडा कार्यालयले खरलाई जस्तापातामा परिणत गर्न ५ लाख रूपैयाँ बजेट विनियोजन गरिदिएपछि खरको झुपडी जस्तापातामा परिणत भएको हो ।

त्यससँगै जस्तापाता लगाउन ४ थान बास उपलब्ध गराइएको थियो । जस्तापाता लगाउन विन्देश्वर सदायको अध्यक्षतामा बस्तीका उनीहरूले मूल समिति निर्माण गरेका थिए । त्यही समिति घरलौरी जस्तापाताले घर छाउन सक्रिय भयो । मूल समितिसँगै ७ जनाको उपभोक्ता समिति गठन गरी बस्तीमा जस्तापाता लगाएको दलित जनकल्याण यूवा क्लबका सन्तोष बिसुन्केले जानकारी दिए ।

## सिरहामा कोरोनाबाट थप १ को मृत्यु

लहान । सिरहामा कोरोना संक्रमणबाट थप एक जनाको मृत्यु भएको छ । स्वास्थ्य कार्यालय सिरहाका अनुसार कोरोना संक्रमणबाट मिर्चैया नगरपालिका–१ का ६५ वर्षीय वृद्धको मृत्यु भएको हो ।

विराटनगरस्थित नोबेल अस्पतालमा उपचारको क्रममा ती वृद्धको मृत्यु भएको हो । योसँगै सिरहामा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या २१ पुगेको छ ।

## पत्रकार चौधरीको छोराछोरीको खातामा रकम संकलन

**लहान** । नेपाल पत्रकार महासंघ सिरहाका सचिव रेयण्टर मण्डलको पहलमा स्वर्गीय पत्रकार कृष्णमोहन चौधरीको छोराछोरीको अध्ययनका लागि रकम संकलन गरिएको छ । स्वर्गीय पत्रकार चौधरीका छोराछोरीको अध्ययनका लागि राष्ट्रिय वाणिज्य बैंक सुखीपुर शाखामा खोलिएको चुन्नामुना खातामा तीन लाख २० हजार रकम जम्मा भएको हो ।

बैंकमा खाता खोलेर सामाजिक सञ्जालमार्फत सञ्चालन गरिएको आर्थिक संकलन अभियान अन्तर्गत विभिन्न व्यक्ति तथा संस्थाहरूबाट उक्त रकम जम्मा भएको महासंघ सिरहा शाखाका सचिव मण्डलले बताए । छोराछोरीको अध्ययनका लागि खोलिएको खातामा देश विदेश रहेका मनकारीहरूले रकम जम्मा गरेका हुन । बैंकमा जम्मा भएको रकम स्वर्गीय पत्रकार चौधरीका छोरा छोरी १८ वर्ष पुगेपछि झिक्न पाउने विधि बनाइएको सचिव मण्डलले बताए । पत्रकार महासंघ सिरहाका सदस्य युवा पत्रकार चौधरीको गत कात्तिक ११ गते धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा मृत्यु भएको थियो । नसासम्बन्धी रोगबाट पीडित सिरहाको सुखीपुर नगरपालिका–८ निवासी ३५ वर्षीय पत्रकार चौधरीको मृत्यु भएपछि उनका श्रीमती, दुई छोरा र एक छोरीको बिच्चली भएको छ ।

## आगलागी हुँदा पाँच घर जल्यो

**लहान** । सिरहाको भगवानपुर गाउँपालिका–१ सिनुरियामा आगलागी विधुत सर्ट भई आगलागी हुँदा दुई परिवारको पाँच वटा घर जलेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार विधुत सर्ट भई श्रीप्रसाद साह र पशुपति साहको पाँच वटा घर, गरगहना, अन्नपात, फर्निचरलगायतका समान जलेर नष्ट भएको छ ।

१५ लाखभन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । लहान नगरपालिकाबाट गएको वारूणायन्त्र, प्रहरी र स्थानीयवासीको सहयोगमा आगो निभाइएको थियो ।










**फ्रेन्डस मोडल हस्पिटल, लहान ४**
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरु
बालरोग विशेषज्ञ — डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर — डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ — डा. विरेन्द्र यादव

## सम्पादकीय

# सहकारीको प्रवर्द्धनमा जोड दिऔं

सहकारी मूलत समूदायमा आधारित संस्था हो। समूदाय र सदस्यमा आधारित रही उनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि सहकारीहरूले नाफामूलक र सेवामूलक भई काम गर्दछन्। नेपालमा सहकारीको दर्ता र नियमनको काम गर्नका लागि २०१० सालमा नै सहकारी विभागको स्थापना भएपनि २०१३ सालमा सहकारी स्थापना भएको इतिहास छ। समूदायमा आधारित यी संस्थाहरूको उपयोग र व्यवस्थापन पनि स्थानीय तहबाटै प्रभावकारी हुन्छ भन्ने आकंलन सहित यसको प्रवर्द्धन तथा व्यवस्थापन प्रदेश र स्थानीय तहहरुमा दिइएको हो। सहकारीको शिक्षा, तालिम प्रवर्द्धनलगायतका संघिय सरकारले खर्च गर्ने अधिकांश बजेट तल्लो तहमा नै विनियोजन गरिएको छ। यसैगरी पालीका र प्रदेश सरकारहरुले पनि गरिबी निवारण, कृषिलगायतका काम सहकारीमार्फत गर्ने गरी सहकारीलाई प्रवर्द्धन गर्न बजेट विनियोजन गरेका छन्।

प्रदेश र स्थानीय तहले आफ्नो प्राथमिकता अनुसारका क्षेत्रमा सहकारीलाई परिचालन गर्ने सक्ने भएकाले सहकारीमार्फत सो तहले आफ्नो आर्थिक विकास गर्न सक्छ। समूदायमा आधारित रहेर बचत तथा ऋण परिचालन गर्नका साथै सहकारीमार्फत व्यवसायीक रूपमा कृषि, तरकारी खेती पशुपालन गर्न सक्छन्। यसैगरी कृषि उपजको प्रसोधन, बजारीकरणको काममा पनि सहकारीमार्फत परिचालन गर्न सकिन्छ। यसैगरी कृषिमा आधारित स–साना उद्यमहरू सञ्चालन गर्नका लागि आवश्यक वातावरण तयार पारिदिने हो भने गाउँगाउँमा स्वरोजगारीका अवसरहरू सिर्जना हुनेछन्।

स्थानीय तहले आफैं गर्न नसक्ने कतिपय काम सहकारीको माध्यमबाट गर्न सकिनेछ। स्थानीय तह र सहकारीको सामूहिक लगानी र स्वामित्वमा मलखाद, दाना, बीउबिजन, कीटनाशक औषधिको उत्पादन र बिक्री–वितरणलाई प्रभावकारी बनाउन सकिने अवसर छ। यसैगरी महिला, दलितलगायतका पिछडिएका वर्गको उत्थान, उनीहरूको जिवनस्तर वृद्धिगर्ने काम पनि सहकारीमार्फत गर्न सकिन्छ। राज्यको दायित्व रहेको शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण लगायतका काममा पनि सहकारीलाई काम लगाउन सकिन्छ। जलविद्युत, सडक, खानेपानीजस्ता पूर्वाधार विकासमा पनि सहकारीले काम गर्न सक्छ।

सुरुवातमाससानो बचत सकलन, ऋण लगानीका साथै मलखाद र बिउविजनको काम गर्ने सहकारीहरुले वित्तीय सेवाका अतिरिक्त कृषि, दुध उत्पादन तथा वितरण, संचार, उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, संचार, यातायात, कृषिजन्य उत्पादनमा काम गरिरहेको छ। बाणिज्य बैंकपछि ठूलो वित्तीय कारोबार हुदै आएको सहकारीको नियमन यसअघि विभाग र यसअर्न्तगत रहेका डिभिजन सहकारी कार्यालयहरुमार्फत हुदै आएको छ। तर सहकारी संख्या र कारोबारको अनुपातमा अनुगमन र कारवाहीका लागि आवश्यक कानुनी व्यवस्था, दक्ष जनशक्ति नहुँदा सहकारीमा जोखिम बढिरहेको विभिन्न अध्ययन प्रतिवेदनमै औल्याइएको छ। तसर्थ आर्थिक रुपले पछि परेका ग्रामिण भेगको आर्थिक विकासको मूल श्रोत सहकारी बन्ने गरेकाले सहकारीको प्रवर्द्धनमा जोड दिन आवश्यक छ।

# स्थानीय तह र मानव विकास

## पालिका बहस

**धरणिधर अधिकारी**



आर्थिक विकासको अवधारणासँगै मानव विकासको अवधारणाको विकास सन् १९९० पछि सुरूवात भएको हो । दीगो आर्थिक विकास लक्ष्य पूर्तिका लागि मानव विकास अनिवार्य छ भन्ने अवधारणाको विकास पाकिस्तानी अर्थशास्त्री महबुव उल हकले प्रतिपादन गरेका हुन् । उनले सन् १९९६ मा रिफ्लेक्सन अन ह्युमन डेभलोपमेन्ट ( Reflection on Human Development -1996) भन्ने पुस्तकमा प्रकाशित मानव विकासको अवधारणाको विश्वब्यापीकरण गरेका थिए । मानवीय श्रोतको सशक्तिकरण विना कुनै पनि देशको आर्थिक विकास सम्भव छैन भन्ने कुरा अर्थशास्त्रमा नोबेल पुरस्कार बिजेता अमर्त्य सेनले समेत ब्यक्त गरेका छन् । श्रम शक्तिमा बृद्धि ल्याउन र रोजगारी र त्यसका अवसरहरूको श्रृजनाको दरमा बृद्धि गर्नकालागि पनि मानव विकास अनिवार्य छ । मानव विकास अन्तर्गत पोषण युक्त खाना, शिक्षा, स्वास्थ्य, सरसफाई, जीवन विमा आदिबाट स्तरीय र विकासशील मानवको परिकल्पना आजको आवश्यकता हो ।

मानव विकास सूचकांकको वर्गीकरणमा अति उच्च मानव विकास सूचकांकमा ०.८०० देखि माथि, उच्च मानव विकास अन्तर्गत ०.७००–०.८०० सम्म, मध्यम मानव विकास अन्तर्गत ०.५५०–०.६९९ सम्म र निम्न मानव विकास अन्तर्गत ०.००–०.५४९ सम्मको आंकडा हुनु पर्दछ । त्यस अन्तर्गत् नेपालको मानव विकास सूचकांकमा ०.५७९ प्राप्त गरी बल्ल तल्ल दोश्रो तहमा प्रवेश गरी मध्यम मानव विकासको तहमा प्रवेश गरेको छ । मानव विकास सूचकांकमा नर्वे विश्वको पहिलो देशमा पर्दछ । नर्वेको मानव विकास सूचकांक ०.९५४ र सबै भन्दा कम मानव विकास सूचकांक भएको देशमा नाइजेर भन्ने देश पर्दछ जसको मानव विकास सूचकांक ०.३७७ रहेको छ । सार्क राष्ट्रहरूको मानव विकास सूचकांक श्रीलंका–०.७८०, मालदिप्स–०.७१९, भारत–०.६४७, भुटान–०.६१७, बंगलादेश–०.६१४, नेपाल–०.५७९, पाकिस्तान–०.५६० र अफगानिस्तान–०.४९६ रहेको छ । सार्क राष्ट्र अन्तर्गत श्रीलंका प्रथम र अफगानिस्तान आठौंमा पर्दछ ।

मानव विकास सूचकांकको गणनाको लागि विशेषतः तीन वटा कुराहरूलाई आधार मानिन्छ। १. साक्षरता २. औषत आयु ( जीवन प्रत्याशा) ३. प्रतिव्यक्ति आय (PCI) । नेपालको १५ वर्षमाथिको जनसंख्याको साक्षरता ७६.१९ प्रतिशत रहेको छ भने औषत आयु ७०.५ वर्ष र प्रतिब्यक्ति आय २,७४८ डलर रहेकोछ । यस सगैं नेपाल मध्यम मानव विकास भएका राष्ट्रहरूका सूचीमा प्रवेश गरी मानव विकासका आधारमा १४७ औं राष्ट्र बन्न सफल भएको छ । यो स्थान सन् २०१६ मा १४८औं र सन् २०१७ मा १४९औं रहेको थियो ।

संयुक्त राष्ट्र संघले सन् २०२५ सम्मकालागि निम्न बमोजिमका मानव विकासका लक्ष्य निर्धारण गरेको छ । १. भोक र गरिबीबाट मुक्ति, २. सबैलाई प्राथमिक शिक्षा, ३.लैंगिक समानता र महिला सशक्तिकरण, ४. बाल मृत्यु दर घटाउने, ५. मातृ स्वास्थ्य सुधार, ६. एच.आइ.भी. सुरक्षा, ७. वातावरणीय सुरक्षा, ८. अन्तर्राष्ट्रिय सम्बन्ध । वास्तवमा अस्वस्थ र अशिक्षित जनसंख्या राष्ट्रकालागि मात्र हैन स्वयं आफ्नै लागि पनि बोझ हुन जान्छ । तसर्थ तीनै तहका सरकारले शिक्षा र स्वास्थ्यमा भरपुर लगानी गरी त्यसलाई सही सदुपयोग गर्दै मानव विकासको सूचकांकलाई मजबुत बनाउनु आवश्यक छ । हाल नेपालमा शिक्षा, स्वास्थ्य अर्थात् मानव विकासका क्षेत्रमा झण्डै दुई तिहाई बजेट छुट्याउने गरेको छ तापनि बजेटको समुचित कार्यान्वयन नहुंदा मानव विकासको अवस्थामा सन्तोष जनक नतिजा प्राप्त भैरहेको छैन ।

स्थानीय सरकारले अब मानवीय विकासमा भरपूर लगानी र पर्याप्त कार्यान्वयन गर्नु आवश्यक छ । शिक्षा र स्वास्थ्यमा गरेको लगानीको प्रतिफल प्राप्त गर्न धेरै समय लाग्छ । तर हाम्रा स्थानीय सरकारहरूको ध्यान आर्थिक विकास तथा भौतिक विकास र निर्माणमा केन्द्रित देखिन्छ । त्यसको तात्पर्य हाम्रा जनप्रतिनिधिहरू दीगो विकास भन्दा पनि देखिने विकास गर्न चाहन्छन् र त्यो भौतिक विकास देखाएर आफू लोकप्रीय हुन चाहन्छन्। हाम्रा स्थानीय सरकारहरु भौतिक विकास अर्थात् सडक,पुल,घर–भवन,पाटी–पौवा, चौतारी, प्रवेशद्वार, घण्टाघर, धरहरा आदि निर्माणमा ध्यान दिन्छन् । यसबाट जनप्रतिनिधिका दुई वटा अभिलाशा पुरा हुन्छन् । पहिलो, भौतिक विकास देखाएर आगामी चुनावमा नागरिकलाई भ्रम पार्न अर्थात् नागरिकलाई प्रभाव पार्न अनि आफ्नो नाम अजर–अमर बनाउने । दोश्रो, भौतिक विकास निर्माणको अनियमितताबाट आर्थिक लाभ लिएर राजनितिमा अघि बढ्ने सहाराको काम गर्ने ।

मानव विकासमा गरिएको खर्चले हाम्रो देश नेपाल जस्तो विकासशील देशमा विद्यमान सामाजिक कुसंस्कारहरूबाट पनि छुटकारा पाउन सकिन्छ । आज समाजमा रहेका कुरीतिहरू जस्तो कि छाउपडी, महिला हिंसा, यौन हिंसा, बलात्कार, लागूऔषध दुर्व्यसनी जस्ता सामाजिक समस्याहरूको न्युनिकरण गर्ने समेत मदत पुग्दछ । छोरा–छोरीको विभेद अन्त्य गर्नकालागि केही स्थानीय सरकारले छोरीको शिक्षामा प्रोत्साहन गर्दै अनुदान एवं छात्रबृत्ति, छोरीको बिमा, मातृ–शिशु स्वास्थ्यमा विशेष सहुलियत एवं हेरचाह, सर्व सुलभ र प्रभावकारी प्रसुति सेवा एवं अस्पतालको पहुँच, महिलालाई रोजगारीमा आरक्षण, बाल पोषण तथा पोषण भत्ता आदि जस्ता कार्यक्रमहरू ल्याएर पनि प्रख्याति कमाएका छन् । जो सर्हानिय छ ।

मानव विकासमा गरेको लगानीले मानव विकास मात्रै हुने होइन । यसमा गरेको लगानीले समाजमा रहेका बिकृतिहरूको अन्त्य भइ सभ्य र शान्तिपूर्ण समाजको निर्माण गर्न मदत गर्दछ । यसबाट मात्रै समृद्ध राष्ट्र निर्माणमा समेत टेवा पुग्दछ । चेतना भया ।

विजया दशमी
तथा
शुभ-दीपावली
एवम्
२०७७ को पावन अवसरमा पत्रकार संचारकर्मी, व्यापारी, स्वदेश र विदेशमा बस्नुभएका दाजु भाई दिदी बहिनी, कर्मचारी, विद्यार्थी वर्ग लगायत समस्त् शुभचिन्तकहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना
लहानपोस्ट् दैनिक परिवार
लहान–१०, ग्रामीण चौक

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
–: जनहितका लागि :–
हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट LAHANPOST DAILY

## आजको राशिफल

**मेष** :- आज अरूलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ ।

**वृष** :- आज समाजसेवामा मन लाग्नेछ । नयाँ काम सुरू गर्ने समय छ । वाक्चतुर्याईले संकल्प सिद्ध हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिथुन**:- आज धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । एकपछि अर्को अवसर आउनाले मनपनि प्रसन्न रहनेछ । घरमा अतिथीको आगमन हुनेछ ।

**कर्कट** :- महत्वपूर्ण कामको थालनी हुनेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला । लक्ष्मी प्रसन्न हुने योगछ ।

**सिंह**:- ठीक समयमा सही निर्णय लिन सकिनेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा हुनेछ ।

**कन्या** :- आज सहकर्मीबाट विरोध आउला । लगनशीलताको कमिले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला । नियमित खर्चसमेत बढ्ने योग छ ।

**तुला**:- भाग्यले विभिन्न अवसर जुराउनेछ । मनमा शान्ति छाउनेछ । कला,साहित्य तथा संगीतमा रूचि बढ्नेछ । घरमा अतिथीको आगमन हुनेछ ।

**वृश्चिक** :- धैर्य एवं लगनशीलताले अवसर दिलाउनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । पारिवारिक जीवन र प्रणय सम्बन्धपनि सकारात्मक नै देखिन्छ ।

**धनु** :-यात्रामा मालसामान हराउन सक्छ । स्वास्थ्यमा खर्च बढ्नेछ । सानो तिना समस्यामा अल्झिनुपर्नेछ । शरीरमा स्फूर्ति र उमङ्गको कमी हुनेछ ।

**मकर** :- आज शुभारम्भको चर्चा चल्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । सांस्कृतिक क्षेत्रमा रूची बढ्नेछ । आँटेको काम पुरा हुनेछ ।

**कुम्भ**:- रोकिएका काम पुनः सुरू हुन सक्छन् । आर्थिक कारोवारमा सफलता पाइएला । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । लाभदायक यात्रा होला ।

**मिन** :- एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथीको आगमन हुनेछ । साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । भूमिबाट लाभ रहला ।

# सम्झनामा लौह पुरुष

## जनताको मुक्तिका लागी अनवरत सर्घंषशिल वीर गणेशमान

संघर्ष र स्वाभिमानका पर्याय गणेशमान सिंहको जन्म वि.सं. १९७२ साल कात्तिक २४ गते काठमाडौँको यट्खामा भएको थियो सुब्बा ज्ञानमान सिंह र सुभद्रा कुमारीका जेष्ठ सुपुत्रका रूपमा । गणेशमान नाम राखिए पनि परिवारमा 'हीराकाजी' भन्ने गरिएको थियो । दरबार स्कूलमा पाँच कक्षामा भर्ना हुनु अघिसम्म हीराकाजी कै नामले परिचित थिए लौह पुरूष गणेशमान सिंह । बाजे हरिमान र बुवा ज्ञानमानको अल्पायुमा निधन भएकाले उहाको लालन-पालन जेठा बाजे सरदार रत्नमानबाट भएको थियो ।

रत्नमान राणाकालको नामी भारदार हुनाले गणेशमान सिंहको बाल्यकाल र यौवन सम्पन्नता र ठाँटबाँठमा बितेको पाईन्छ । दरबार हाइस्कूलमा कक्षा ६ मा पढ्दा राणाका छोराछोरीलाई आदर नगरेका कारण १९८४ मा विद्यालयबाट निस्कासनमा परेका सिंहले राणाको दरबार अगाडि साइकल कुदाएका कारण सजाय भोग्नुपरेको थियो । आफ्नो स्वाभिमान गिराउन नचाहने प्रवृत्तिले बहिदार पदको सरकारी सेवा त्याग गरी कोलकाता गएर सन् १९३९ मा प्रथम श्रेणीमा मेट्रिक पास गरेपछि कोलकाता कै विद्यासागर कलेजमा विज्ञान विषयमा प्रवीणता प्रमाणपत्र तह (आईएस्सी)को अध्ययन गर्नुभएको थियो ।

काठमाडौंको खानदानी परिवारमा जन्मेका सिंहले १९९७ सालमा स्थापना भएको नेपालको पहिलो राजनीतिक पार्टी प्रजा परिषद्को सदस्य भई राणा शासन हटाउने राजनीतिमा आफूलाई होमेका थिए । भद्रगोल जेल फोरी भागेका जोशिला तन्नेरी गणेशमान प्रबास जानुअघि नै तत्कालीन राणा हटाऊ आन्दोलनका एक नायक भैसकेका थिए। भारतमा अर्का नेता बीपी कोइरालासँग राजनीतिक सम्बन्ध विकसित हुनासाथ अन्य केही सहयोगीसाथ २००३ सालमा स्थापित नेपाली कांग्रेसलाई आजीवन जुझारु नेतृत्व दिन उहाको उल्लेखनीय भूमिका रहेको पाईन्छ ।

२००७ सालको क्रान्तिका एक अगुवाका रूपमा सिँहले बीरगञ्ज मोर्चामा सशस्त्र संघर्ष गरेका थिए । संर्घषका हिसाबले बीपी कोइरालाभन्दा बढी समयसम्म देशमा प्रजातन्त्र बहाली र पुर्नबहाली लागि समर्पित गणेशमान सिंह सैद्धान्तिक हिसाबले बीपीका अनुयायी र सबैभन्दा ठूला र्समर्थकका रूपमा नेपाली कांग्रेसलाई लोकप्रिय बनाउन सदा क्रियाशिल रहका प्रजातान्त्रिक आन्दोलनका अग्रणी नेता हुन । पहिलो जननिर्वाचित सरकारमा वरिष्ठ मन्त्री रहेका गणेशमानले २०१७ सालमा प्रजातन्त्र अपहरण भएपछि आठ वर्ष निरन्तर काराबास भोगे । त्यसपछि पुनः प्रबासमा राजनीतिक संगठन विस्तार गरी २०३३ सालमा बीपीसँगै राष्ट्रिय मेलमिलापको नारा लिई स्वदेश फर्केर तत्कालीन पञ्चायती ब्यबस्थाका बिरुध्द सक्रिय रहको गर्विलो ईतिहाँस छ सिंहको ।

तत्कालीन पञ्चहरूबाट बीपीसँगै मृत्युदण्डको माग गरिएका गणेशमानले २०३६ सालको विद्यार्थी आन्दोलन र जनमत संग्रहमा उत्तिकै नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए । बीपीको निधनपछि कांग्रेसका सर्वोच्च नेताका रूपमा गणेशमानले २०४२ सालको सत्याग्रह आन्दोलन आरम्भ गरेका थिए । १९९७ सालदेखि अनवरत राजनीतिमा समर्पित कडा स्वभाव र जुझारु व्यक्तित्वका र्सवप्रिय नेता गणेशमानको अर्को महत्वपूर्ण योगदान २०४६ सालमा रहेको थियो। राष्ट्रिय जनआन्दोलनका लागि कम्युनिष्टहरूसँग मिलेर पञ्चायत बिरुध्द आन्दोलनको घोषणा गर्ने गणेशमानसिंह उक्त आन्दोलनका सर्वोच्च कमाण्डर थिए ।

वि.सं. १९९७ सालमै राष्ट्रिय प्रजापरिषदको सदस्यताबाट नेपालमा राजनीतिक जीवनको सुरुवात भएको र प्रजापरिषद सदस्यता लिएको दुई हप्तापछि अर्थात् र वि.सं. १९९७ असारमा मंगलादेवी सँग विवाह भएको थियो सिंहको । तत्कालीन राणा सरकारले सर्वश्वहरण सहित आजीवन काराबासको दण्ड दिएको थियो । सँगै जेल परेका गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमा, दशरथ चन्द र शुक्रराज शास्त्रीलाई भने मृत्युदण्ड दिइएको थियो। जन्मजात विद्रोही स्वभावका गणेशमान सिंहलाई राणाको पर्खालले धेरै दिन कैद गर्न सकेन ।

२००१ साल वैशाख १ को रात भद्रगोल जेलको पर्खाल नाघेर जेलबाट भागेपछि कृष्णबहादुर प्रधानका नाममा राणाविरोधी अभियान चलाउँदै हिडेपछि राणाशासकहरूद्वारा देश निकाला गरिएको थियो । वीपि कोईरालासंग मिलेर २००३ साल माघ १२ गते नेपाली राष्ट्रिय कांग्रेसको स्थापना गरे, जुन पार्टी सुवर्ण शमशेरको प्रजातान्त्रिक कांग्रेससँग मिलेर २००६ सालमा नेपाली काँग्रेस बनेपछि सिंह नेपाली काँग्रेसको संस्थापक नेता बनेका थिए । २००७ सालामा क्रान्तिको तयारीका लागि भूमिगत रूपमा नेपाल आउँदा २००७ साल असोज २७ गते ठोरीको जंगलमा पक्राउ परेसंगै उहालाई शारीरिक यातना दिइएको थियो । मोहन शमशेरको नेतृत्वमा बनेको मन्त्रिमण्डलमा सिंहले उद्योग तथा वाणिज्यमन्त्रीको जिम्मेवारी सम्हाल्नु भएको थियो ।

२००८ सालमा नेपाली कांग्रेसका नेता मातृकाप्रसाद कोइरालाको मन्त्रिमण्डलमा कृषि, भूमि तथा खाद्यमन्त्री भएका सिंहले विश्वेश्वरप्रसादको निर्देशनमा मातृकाप्रसादको मन्त्रिमण्डल त्यागेको पाईन्छ । २०१२ सालमा कांग्रेसको वीरगंज अधिवेशनमा सभापतिका लागि उम्मेदवारी दिनुभएका सिंह सुवर्ण शमशेरसंग पराजित हुनुभएको थियो । २०१४ सालको भद्रअवज्ञा आन्दोलनलाई नेतृत्व दिदै २०१५ सालको प्रथम संसदीय निर्वाचनमा नेपाली काँग्रेसका तर्फबाट काठमाडौँको सांसद् पदमा विजयी भएपश्चात वि.पी. कोइराला नेतृत्वमा गठित सरकारमा निर्माण तथा यातायात मन्त्री बन्नुभएको हो ।

२०१७ साल पुस १ गतेको दुभाग्यपूर्ण घटनापछि सिंह लगातार आठ वर्ष सुन्दरीजल जेलमा थुनिनु परेको थियो । जेलमुक्त भएपछि निरंकुशता विरूद्धको आन्दोलनलाई नेतृत्व दिन भारत प्रवासमा गएका सिंह मेलमिलापको नीति लिएर वि.पी. कोइरालासँग २०३३ सालमा स्वदेश फर्किएकै दिन विमानस्थल मै गिरफ्तार गरि राजकाज मुद्दा चलाईयो र फाँसीको माग गरियो । २०३४ सालमा भारतको पटनामा भएको कांग्रेस सम्मेलनमा पार्टीको नेता निर्वाचित भएको र जनमत संग्रहमा निःशर्त सहभागी हुने कुरामा वि.पी. कोइरालासँग मतभेद पनि भएको थियो। २०३९ साल मा वि.पी. कोइरालाको देहावसान पश्चात नेपाली काँग्रेसको सर्वोच्च नेता भएपछि २०४२ सालमा मेलमिलाप नीतिको पुनर्परिभाषा गरियो र सिंहले सत्याग्रहको नेतृत्व गरपछि। त्यसबखत पनि जेल सजाय भोग्नुपरेको थियो ।

२०४६ साल माघ ५, ६ र ७ गते काठमाडौँको क्षेत्रपाटीस्थित सिंह निवासमा आयोजित नेपाली काँग्रेसको सम्मेलनद्वारा जनआन्दोलनको घोषणा गरियो । २०४६ फागुन ७ गते प्रारम्भ भएको ऐतिहासिक जनआन्दोलनको नेतृत्व सम्हाल्नुहुने सर्वोच्च कमाण्डर सिंहलाई ६ वामपन्थी पार्टीहरूको संयुक्त मोर्चाले समेत साथ दिएको थियो । तर आन्दोलनको क्रममा उहालाई घरमै नजरबन्द गरियो । गम्भीररूपमा अस्वस्थ्य भएपछि अस्पताल भर्ना भएका सिंहलाई अस्पतालमा नै नजरबन्द गरियो। जनआन्दोलनको सफलतास्वरूप दलहरूमाथिको प्रतिबन्ध फुकुवा (२०४५ साल चैत्र २६ गते) भएपछि चैत्र २७, २०४६ साल काठमाडौँको टुँडिखेलमा आयोजित विशाल जनसभामा ऐतिहासिक सम्बोधन गर्ने सिंहलाई 'फादर अफ डेमोक्रेसी'को रूपमा सम्मानित गरिएको हो । नेपाल तथा विश्वमै मानवाधिकार र शान्ति स्थापनाका निम्ति नेतृत्वदायी भूमिका निर्वाह गरेवापत सम्मानस्वरूप अमेरिकाबाट पिसरन पुरस्कार-१९९० तथा मानवाधिकार पुरस्कार-१९९३ एवम् संयुक्त राष्ट्र संघका भूतपूर्व महासचिव ऊ थान्तको नाममा स्थापित' ऊ थान्त शान्ति पुरस्कार' बाट सम्मान गरिएको थियो ।



गणेशमान सिंह

२०४९ सालमा नेपाली कांग्रेसको झापा जिल्लाको कलबलगुडीमा सम्पन्न आठौँ महाधिवेशनमा तत्कालीन प्रधामन्त्री गिरिजाप्रसाद कोइरालासँग उहाँको मतभेद हुन पुग्यो । प्रजातन्त्रको संरक्षणका निम्ति जनजागरण अभियानको २०५१ साल नेपाली कांग्रेसको पोखरा महासमितिको बैठकमा पार्टीको सर्वोच्च नेता कायमै रहेको घोषणा गरियो। २०५३ साल वैशाखको नेपाली कांग्रेसको नवौँ अधिवेशनमा अनुपस्थित रहेपनि उहालाई महाधिवेशनले पार्टी सर्वोच्च नेताको उच्च सम्मान प्रदान गरिनै रह्यो ।

स्व. सिंहका दुई छोरा प्रदीपमान सिंह र प्रकाशमान सिंह तथा तीन छोरी डा. मीना सिंह, कान्ता मानन्धर र रीता वैद्य हुन् । काठमाडौं महानगरपालिकाका पूर्व नगरप्रमुख पीएल सिंह भने नेता सिंहका धर्मपुत्र हुन् उनलाई लौह पुरूष, फादर अफ डेमोक्रेसी, सर्वमान्य नेता, वीर गणेशमान, वरिष्ठ प्रजातन्त्रवादी नेता, नेपाली जनक्रान्तिका महान योद्धा, २०४६ सालको ऐतिहासिक जनआन्दोलनका कमाण्डर सर्वोच्च नेता आदि उपनामले पनि चिनिन्छ ।

२०५३ साल भदौ १० गते धर्मपत्नी मंगलादेवी सिंहको निधनको एक बर्षपछि ८२ वर्षको उमेरमा २०५४ साल असोज २ गते उहाको निधन भएको थियो । सरकारले तीनदिनसम्म राष्ट्रिय शोक मनाउने घोषणा गरेको थियो । तत्कालीन श्री ५ को सरकारले कुनै पनि सरकारी पदमा नभएको र राजनीतिज्ञको सम्मानमा गरेको यो घोषणा पहिलो हो । सिंहलाई आन्दोलनको क्रममा समातिएपछि गुद्दद्वारमा लौरो घुसाउने अत्याचार गरिएको थियो भनेर भनिन्छ जसको कारण हरेकदिन शौचक्रियामा बाधा हुने गर्दथ्यो । जनआन्दोलन पश्चात राजा बीरेन्द्रको प्रधानमन्त्री बन्ने आग्रहलाई आश्विकार गरी आफ्ना मित्र कृष्णप्रसाद भट्टराईलाई प्रधानमन्त्री बनाएपछि उहालाई लौहपुरूषको संज्ञा र उपाधी पनि दिइएको थियो ।

संर्घष,निष्ठा,स्वाभिमान र त्यागका प्रतिमुर्ति सिहको २० औ स्मृति दिबशले व्यत्तिगत र गुटगत र्स्वाका खातिर गुटका पसलहरू खेल्दै बसेका वर्तमानका उहाका अनुयायीहरूले सिंहको त्याग,निष्ठा र संर्घषलाई आत्मसात गर्दै प्रजातन्त्र,मुलुक जनता र काँग्रेसको सर्वोपरी हितका लागी खुला र उदार ह्दयले सोच्दै सो अनुकुलका प्रवृति, चिन्तन,व्यवहार र पद्धतिलाई आत्मसात गर्ने हो भनेमात्र यतार्थमा सिंह र सिंह जस्ता तमाम दिवंगत नेताहरूलाई सम्झनुको सार्थकता हुन्छ । संर्घष, निष्ठा, स्वाभिमान र त्यागका प्रतिमूर्ति गणेशमान सिंहप्रति श्रद्धा सम्मान ।


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ-आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# सत्य र न्यायको पक्षमा कलम चलाउने मेरो पिता बलराम बानियाँलाई चाहि न्याय चाहिँदैन ?

## *निष्पक्ष छानविन र न्याय चाहन्छ परिवार*

मेरो नाम सुस्मिता बानियाँ हो । म स्वर्गीय पत्रकार बलराम बानियाँकी छोरी हुँ । बलराम बानियाँ, जसले तीन दशक भन्दा लामो समयसम्म राष्ट्रिय पत्रपत्रिकामा आबद्ध रहेर सत्य, सुशासन र न्यायको पक्षमा कलम चलाउनुभयो । उनै पत्रकार, जसले आफ्नो ज्यानको माया नगरिकन, कुनै प्रकारको प्रलोभनमा नपरि, कुशल पत्रकारिताको धर्मबाट विचलित नभई, अहोरात्र खटेर सही सत्य सूचना आम नेपालीहरूमाझ प्रस्तुत गर्नुभयो । उही पत्रकार, जस्को समाचारले न्यायपालिका, व्यवस्थापिका र कार्यपालिका समेतलाई आफ्नो कर्तव्यबाट विचलित नहुन सधैं प्रेरित गर्दथ्यो। जसले कैयौं भ्रष्टाचारी र अपराधीहरूको सञ्जाललाई आफ्नो कलमको माध्यमबाट तोड्न सफल हुनुभएको थियो । उहाँको समाचारका कारण कैयौं आपराधिक क्रियाकलापहरू हुनबाट रोकिएका थिए ।

सामान्य जीवनशैलीमा बाँच्न रमाउने मेरो ड्याडी मेरो आदर्श हुनुहुन्थ्यो । तीन दशकसम्म राष्ट्रिय सञ्चारमाध्यममा व्यवसायिक रूपमा आबद्ध सञ्चारकर्मी सायद कोही हुँदैनन् होला जस्को सहरमा आफ्नो घर, गाडी, विलासी जीवनशैली नहोला। तर मेरो ड्याडी बलराम बानियाँ, जसले राष्ट्रिय पत्रिकाहरूमा अग्रपंक्तिमा रहेर दशकौं लामो यात्रा तय गर्नुभयो, उहाँ एकदम सामान्य जीवनशैलीमा रमाउने, सोझो, इमान्दार र जो कोहीसँग सजिलै घुलमिल हुने स्वभावको हुनुहुन्थ्यो ।


हाम्रो परिवारमा जम्मा ४ जना थियौं, ड्याडी, ममी भाई अनि म । हामी काठमाण्डौमा डेरा गरेर बसेका थियौं । मेरो ममीको पनि जागिर छ । हामी सामान्य परिवारमा हुर्कियौं । हाम्रो जीवनसँग हामीलाई कुनै गुनासो थिएन, हामी निकै खुसी थियौं । मलाई मेरो ड्याडीको त्यो साधारण जीवनशैली एकदमै मन पर्थ्यो । उहाँलाई जीवनभर कहिल्यै कुनै कुराको महत्वकांक्षा रहेन । अचानक हाम्रो परिवारमा बज्रपात आयो, मेरो ड्याडी हामीलाई सदाको लागि छाडेर जानुभयो । मेरो ड्याडीको निधन सामान्य थिएन, उहाँलाई हामी बस्ने डेराबाट मेरै अगाडि लागिएको थियो अनि उहाँको मृत शरीर हाम्रो सामु ल्याइएको थियो । हो हाम्रो नजरमा उहाँको हत्या पूर्व नियोजित थियो, उहाँकै एकजना छायाचन्द्र भण्डारी नाम गर्नुभएको साथीको समेत संलग्नतामा । उहाँको हत्या लगत्तै हामीले किटानी जाहेरी दिने कोसिस गरेका थियौं तर प्रहरीले किटानी जाहेरी लिन अस्वीकार गरेपछि हामीले घटनाको सत्यतथ्य अनुसन्धान गरिपाऊँ भनी जाहेरी दिएका थियौं ।

मलाई लागेको थियो सबैजनाले यो असामान्य घटनाको निष्पक्ष छानविनको लागि सम्बन्धित निकायहरूलाई दबाब दिनुहुनेछ अनि मेरो ड्याडी र मेरो परिवारलाई न्याय दिलाउन सहयोगी भूमिका निर्वाह गरिदिनुहुनेछ । तर शोकको त्यो घडीमा मेरो ड्याडीको मृत्युलाई दुर्घटना र आत्महत्याको संज्ञा दिन थालियो । घटना भए पश्चात हामी शव पहिचान गर्ने क्रममा थियौं तर सञ्चारमाध्यमहरूमा "पत्रकार बलराम बानियाँको दुर्घटनारआत्महत्या" लगायतका भ्रामक र असत्य समाचारहरू आउन थालेका थिए ।

हामीप्रति समवेदना अनि ड्याडीप्रति श्रदाञ्जली दिनको भीड त मैले देखें तर हाम्रो आँखाको आँशुसँगै रहेको न्यायको माग कहीं कसैले देखेनन्, बुझेनन् अनि लेखेनन् । सामाजिक सञ्जालहरूमा त मेरो ड्याडीद्वारा संप्रेषित समाचारहरूप्रति लक्षित गरेर अनेक नकारात्मक टिप्पणीहरु आएको देख्दा शोकमा रहेको हाम्रो परिवारलाई झन् दुःखी बनायो ।

२०७४ वैशाख २५ गते कान्तिपुर राष्ट्रिय दैनिकमा मेरो ड्याडीको नामबाट "३८ भारूको बल्ब ६५ मा किनिँदै, खरिद ऐन विपरीत मन्त्रिपरिषद् निर्णयमा' ठूलो आर्थिक चलखेल' "शीर्षकमा समाचार छापिएसँगै कुलमान घिसिङको विरूद्धमा लेखेको भन्दै मेरो ड्याडीको चौतर्फी आलोचना, गालीगलौज र ज्यान मार्ने धम्की समेत आएका थिए । उक्त समाचारमा कहीं कतै कुलमान घिसिङको नाम जोडिएको भने थिएन । कुलमान घिसिङको विरूद्धमा बोलेको भनेर भ्रम फैलाएर मेरो ड्याडीलाई आम नेपालीहरूको माझ "भिलेन" बनाएर समाचारलाई झुटो ठहर गरी उन्मुक्ति पाउने योजना गरिएको थियो । तर मेरो ड्याडी सत्यको पथबाट अलिकति पनि विचलित नहुने स्वभावको हुनुहुन्थ्यो । उहाँ शान्त, सालिन, मिलनसार स्वभावको त हुनुहुन्थ्यो नै, निडर, कर्मठ अनि जुझारू पनि उत्तिकै हुनुहुन्थ्यो । यसलगत्तै २०७४ वैशाख २९ गते "लिड बल्ब खरिद प्रकरण, ८६ करोड बढी तिरिँदै" शिर्षकमा बलराम बानियाँ र कृष्ण आचार्यद्वारा प्रमाणहरु सहित कान्तिपुर राष्ट्रिय दैनिकमा समाचार प्रकाशित भयो । सो समाचारमा प्रस्ट लेखिएको छ "यो प्रकरणमा विद्युत प्राधिकरणका निर्देशक कुलमान घिसिङलाई चेपुवामा पारिएको छ"। यसरी तथ्य र प्रमाण सहित समाचार छापिएपछि उहाँलाई नकारात्मक प्रतिक्रिया आउने क्रम घटेको थियो । यसरी सत्यको पक्षमा कलम चलाउने क्रममा यथार्थ नबुझिकन मेरो ड्याडी माथि धेरै मानिसहरूले गरेको व्यवहारले हामीलाई त्यतिबेला निकै दुखित बनाएको थियो । तर त्यो घटनाले मेरो ड्याडीलाई कहिल्यै विचलित गराएन।

ड्याडीको हत्या गरिनु भन्दा अगाडि २०७७ असार १० गते कान्तिपुर दैनिकमा "चीन तर्फपनि ७ जिल्लामा सीमा अतिक्रमण" शिर्षकमा मेरो ड्याडीको समाचार प्रकाशित भएको थियो। यो समाचार उहाँले ३ वटा श्रोतहरु (सरकारी स्रोत समेत) को आधारमा तयार पार्नुभएको थियो । उक्त श्रोतहरूको बारेमा मेरो ड्याडीसँग विभिन्न स्थानरव्यक्तिहरूबाट जानकारी दिनको लागि दबाब समेत आएको थियो । तर आफ्नो श्रोतहरु सार्वजनिक गराएर श्रोतहरूलाई जोखिममा राख्न उहाँ किमार्थ तयार हुनुभएन । यसरी देशको भूमि मिचेको ठूलो समाचारलाई बाहिर ल्याएपछि उहाँमाथि आक्रमण गर्ने योजनाहरू तयार बनेको अनुमान लगाउन गाह्रो हुँदैन । परराष्ट्र मन्त्रालय र कृषि मन्त्रालयले उक्त समाचारको खण्डन गरेर विज्ञप्ति जारी गरेसँगै उहाँलाई पुनः सामाजिक सञ्जालहरूमा ज्यान मार्ने धम्की सहित गालीगलौज गरिएका थिए । मन्त्रालयहरूको विज्ञप्तिसंगै कान्तिपुर दैनिकले समाचारप्रति क्षमायाचना माग्दै उहाँसँग २०७७।०३।१२ गते स्पष्टीकरण समेत मागेको थियो । यस घटनापछि ड्याडी झन् सक्रिय रूपमा सो समाचार सही सत्य रहेको र आफू गलत नभएको भनि साबित गर्नका निम्ति यथेष्ट प्रमाणहरु जुटाउन लागिपर्नु भएको हामीलाई स्मरण छ, जुन कुरा उहाँले आफ्नो स्पष्टीकरण पत्रमा समेत लेख्नुभएको छ ।



छोरी सुस्मिता बानियाँ र पिता स्वर्गीय बलराम बानियाँ

माथि उल्लेखित तथ्य र प्रमाणहरूका अलावा पनि मेरो ड्याडीको निधन दुर्घटना वा आत्महत्या नभईकन नियोजित तवरले गरिएको हत्या हो भनि निम्न आधारहरु सहित स्पष्ट गर्न चाहन्छु ।

- चीनद्वारा नेपाली सीमा अतिक्रमण भएको समाचार ड्याडीद्वारा प्रकाशित भएको ।
- समाचार प्रकाशित भएसँगै ज्यानमार्ने धम्की सहितका टिप्पणीहरु आएका ।
- छायाँचन्द्र भण्डारीले कान्तिपुर पत्रिका छाडेर आफूसँग काम गर्न बारम्बार ताकेता गरेको तर ड्याडीले अस्वीकार गर्नुभएको ।
- छायाँचन्द्र भण्डारी हाम्रो डेरामा आएर ड्याडीलाई आफ्नो घरमा लगेको त्यसपछि मेरो ड्याडी जीवित नफर्कनू भएको ।
- छायाँचन्द्र भण्डारीले ड्याडी एक्लै उहाँको घर खोज्दै पहिलो पटक घरमा पुगेको भनेको तर सिसिटिभी फुटेजमा सँगसँगै उनको घरमा प्रवेश गरेको देखिएको ।
- छायाँचन्द्र भण्डारीद्वारा पटकपटक बयान फेरेको ।
- ड्याडी अन्तिम पटक उहाँको घरमा गएपछि छायाँचन्द्र भण्डारीले हामीसँग फोनमा अभद्र व्यवहार गरेको,अपशब्द प्रयोग गरेको, ड्याडीसँग सम्पर्क गर्न नदिएको, तेरो ड्याडीलाई मार्न लेराएको हो र भन्ने वाक्य प्रयोग गरेको, मैले DIG देखि सचिवहरूसम्म धेरै मान्छेहरू चिनेको छु विचार गर् भनी हामीलाई धम्काएको ।
- ड्याडीलाई बगाएको देखेका भनिएका प्रत्यक्षदर्शीहरूको बयान पटकपटक बाझिएको, कसैले आफै हामफालेको भनेको, कसैले जुत्ता हिलोमा अड्किएर लडेको भनेको, कसैले यहाँबाट बगेको मान्छे बलराम बानियाँ होइन समेत भनेको ।
- हिलोमा जुत्ता अड्किएर घटना घटेको भनिएता पनि जुत्ताको सोल बाहेक माथिल्लो भागमा हिलो नै नलागेको भेटिएको । पोस्टमार्टम रिपोर्टमा मृत्युको कारण नखुलेको, पेटमा खैरो रंगको १०० एमएल पदार्थ भेटिएको ।
- शव पहिचान नहुँदै आत्महत्या, दुर्घटना लगायतका समाचारहरू निकालेर भ्रम सिर्जना गर्न खोजिएको ।
- प्रहरीले किटानी जाहेरी लिन नमानेको, भिसेरा रिपोर्ट घटनाको २ महिना बितिसक्दा समेत अहिलेसम्म प्राप्त नभएको ।
- आरोपितले प्रहरीमा मेरो पहिचान माथिसम्म छ भनेको र प्रहरीले समेत छानबिनमा ढिलासुस्ती र आनाकानी गरेको, शव नग्न अवस्थामा मेरूदण्ड र ६ वटा हड्डीहरू भाँचिएको अवस्थामा, शरीरका धेरै स्थानमा चोट लागि पहिचान हुन गाह्रो बनाइएको अवस्थामा फेला परेको ।

माथिका तथ्य र प्रमाणहरु अलावा पनि अन्य कतिपय कुराहरू छन्, जसले मेरो ड्याडीको निधन नियोजित तवरबाट गरिएको हत्या हो भनेर प्रमाणित गर्छ । हामीमाथि अन्याय भयो, मेरो ड्याडीको विभत्स हत्या हुँदासमेत दुर्घटना र आत्महत्याको संज्ञा दिइयो । हामी न्याय चाहन्छौं । घटनाको निष्पक्ष छानबिन गरेर सत्यतथ्य बाहिर ल्याइयोस् भन्ने चाहन्छौं । मेरो ड्याडीले सत्य र न्यायको पक्षमा कलम चलाउँदै गर्दा उहाँको विभत्स हत्या गरियो तर विडम्बना आज उहाँको न्यायको लागि कहीं कतैबाट आवाज उठेनन्, कसैका कलम चलेनन् । मेरो ड्याडीको हत्या आरोपित खुल्ला हिँडिरहेको अवस्थामा म र मेरो परिवारमाथि भोलिका दिनमा हुनसक्ने संभावित आक्रमणहरूको जिम्मेवारी कसले लिन्छ ? *साभार : हाम्रा कुरा डटकम*


# गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)